# मरिण गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
कपिलाकोट, सिन्धुली
बागमती प्रदेश, नेपाल


पत्र संख्या: २०८१/०८२

## मरिण गाउँपालिकाद्धारा जनहितमा जारी अत्यन्त जरुरी सूचना

*(सूचना प्रकाशित मिति: २०८१/०६/१६)*

हाल सालैको मनसुनी वर्षाको कारण वि.पि. राजमार्ग लगायतका राजमार्गहरू अवरुद्ध हुन गई यातायात सञ्चालनमा कठिनाइ भएकोले देशको राजधानी काठमाडौं लगायत अन्य स्थानहरूमा जान/आउनको लागि वैकल्पिक राजमार्गको रूपमा मदन भण्डारी राजमार्ग प्रयोग हुने अवस्थालाई मध्यनजर गर्दै मदन भण्डारी राजमार्गको चापलाई ध्यानमा राखि सडक प्रयोग विशेष ध्यान दिने, सडक र सडक पेटीमा निर्माण सामग्री राख्ने, विस्कुन सुकाउने, राजमार्ग एवं राजमार्गको मुख्य भाग वरपर तथा सार्वजनिक स्थलहरूमा भिडभाड गर्ने जस्ता क्रियाकलाप नगर्नु हुन मरिण गाउँपालिका बासी नागरिकहरुमा हार्दिक अनुरोध छ । साथै द्रुत गतिमा सवारी साधन नचलाउने तथा मौसमको अवस्था आँकलन गरी सम्भावित विपद्जन्य घटनाहरूबाट सचेत भई यात्रा गर्नुहुन सम्बन्धित सबैमा हार्दिक अनुरोध छ ।

८१।०६।१६

विकास सुन्दास
प्रमुख प्रशासकीय अधिकृत

*पुनश्चः सडक प्रयोग, दुर्घटना लगायत विपद्जन्य परिस्थितिको जानकारी लिनु परेमा मरिण गाउँपालिकाको नगर प्रहरी इकाइको सम्पर्क नं ९८४९६४२२७७, इलाका प्रहरी कार्यालय कपिलाकोटको सम्पर्क नं ९८५४०९१९९९ मा सम्पर्क गर्न सकिनेछ ।*